

# तारा र तारा मण्डल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# तारा र तारा मण्डल

नताशा भिजकारा

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| | |
|---|---|
| ताराहरू | ५ |
| तारा मण्डल | ७ |
| ओरियन तारा मण्डल | ८ |
| द स्कोरपियन (वृश्चिक) | ११ |
| ओफिउकस | १२ |
| सप्तऋृषि (बिग डिपर) | १४ |
| शब्द अर्थ | १८ |





# ताराहरू

ताराहरू चम्किला र अत्यन्तै तातो ग्याँसका विशाल गोला हुन् । तिनीहरू पृथ्वीबाट साना चम्किला, चञ्चल प्रकाश जस्ता देखिन्छन् किनकि तिनीहरू धेरै टाढा छन् ।



वास्तवमा ताराहरू निकै ठुला हुन्छन् । उदाहरणका लागि, थाहा पाइएको सबैभन्दा ठुलो तारा क्यानिस मजोरिस सूर्यको आकारभन्दा १५४० गुणा ठुलो छ । सूर्य पनि एउटा तारा हो ।






# तारा मण्डल

अन्तरिक्षमा खर्बौं तारा छन् । राती आकाशमा हेर्दा ताराहरूको समूहहरूले विभिन्न आकार वा ढाँचाहरू बनाए जस्तो देखिन्छ । यी आकारलाई तारा मण्डल भनिन्छ ।



रातीको आकाश र विभिन्न ऋतुहरूमा कुल ८८ ओटा तारा मण्डलहरू देखिन्छन् । तिनीहरूले हाम्रा केही सबैभन्दा पुराना कथाहरू भन्न मदत गर्दछन् । यिनीहरू यात्रुहरूका सबैभन्दा राम्रा साथी हुन् ।



अब केही तारा मण्डल बारे जानौँ-

## ओरियन तारा मण्डल

ओरियन तारा मण्डल अर्थात् सिकारी राती आकाशमा देखिने सबैभन्दा ठुलो तारा मण्डल हो । हिउँदका महिनामा तिमीले ओरियन देख्न सक्छौ । यसको कम्मरपेटीका तिन ओटा ताराहरू हेर ।








तिमीले नजिकै उसका दुइटा सिकारी कुकुरहरू कानिस मेजर र कानिस माइनर पनि देख्ने छौ । नजिकै ओरियनका जुम्ल्याहा साथीहरू कास्टोर र पौलक्स पनि छन् ।

कानिस मेजर




कानिस माइनर



# द स्कोरपियन (वृश्चिक)


स्कोरपियन (वृश्चिक) तारा मण्डल वर्षा ऋतुको आकाशमा देख्न सकिन्छ । एउटा पुरानो ग्रिसेली मिथकअनुसार स्कोरपियनलाई रिसाएका भगवानले ओरियनलाई मार्न पठाएका थिए ।






# ओफिउकस

ओफिउकस तारा मण्डललाई सर्पेन्ट बियरर र डक्टरका रूपमा पनि चिनिन्छ । ग्रिसेली मिथकअनुसार स्कोरपियनले डसेपछि ओफिउकसले ओरियनलाई बचाएको थियो ।




आजसम्म पनि ओफिउकसले स्कोरपियनलाई ओरियनबाट टाढा राख्दछ । ओरियन र स्कोर पियन कहिल्यै पनि आकाशमा सँगै देखिँदैनन् र उनीहरूको बिचमा सधैं ओफिउकस रहन्छ ।



## सप्तऋृषि (बिग डिपर)


थाहा पाउनुपर्ने अर्को महत्त्वपूर्ण तारा मण्डल सप्तऋृषि हो ।



सप्तऋषि तारा मण्डल पानीको बाल्टी जस्तो देखिन्छ । यसको भाँडामा रहेका ताराहरूले उत्तरी तारातर्फ देखाइरहेका हुन्छन् ।



तिमीले उत्तर कता छ भन्ने थाहा पायौ भने बाटो भुलिँदैन । यसैले यसलाई यात्रुहरूको प्रिय तारा मण्डल मानिन्छ ।



सप्तऋषि देखिने सबैभन्दा उपयुक्त समय वर्षा ऋतुको मध्य हो । उत्तरतिर हेर । तिमी छक्क पर्ने छौ, यो पत्ता लगाउन कति सजिलो छ ।



# शब्द अर्थ

**ग्याँस** - वस्तुको हावा जस्तो अवस्था, जसको निश्चित आकार हुँदैन ।

**मिथक** - एउटा पुरानो कथा, जुन केही व्याख्या गर्न भनिएको हुन्छ ।

**बचाउनु** - जीवनमा फर्काउनु, जोगाउनु

# पाठकका निम्ति प्रश्नहरू

१. ताराहरू के ले बनेका हुन्छन् ?

२. थाहा भएको सबैभन्दा ठुलो तारा कुन हो ? सूर्यभन्दा यो कति ठुलो छ ?

३. तारा मण्डल भनेको के हो ? यो पुस्तकमा उल्लेख गरिएका केही तारा मण्डलहरूको नाम भन ।

४. सबैभन्दा ठुलो तारा तिमी कुन तारा मण्डलमा भेट्छौ ?

५. उत्तरी ताराको अर्को नाम के हो ? यो किन यात्रुहरूको प्रिय तारा हो ?

६. तिमीले आकाशमा ताराहरूको आकार र ढाँचाहरू याद गरेका छौ ? ताराहरूले बनाएको के कस्तो आकार देख्छौ ?